# कलम्बस सिटी स्कूल्स

## अर्ली चाइल्डहूड शिक्षा

COLUMBUS CITY SCHOOLS

फ्यामेली (पारिवारिक)
पुस्तिका(ह्यान्डबु)

अगस्ट १६, २०२१

# विषयवस्तुको तालिका

पृष्ठ

परिचय ... ३

पाठ्यक्रम ४

कार्यक्रमको गतिविधिहरु ४

- व्यावसायिक विकासका दिनहरू
- फिल्ड ट्रिपहरू
- घरको भ्रमणहरू

नीति र प्रक्रियाहरू ५-१५

- सञ्चालनको समय
- अर्ली (प्रारम्भिक) बिदा/स्कूल रद्द
- आगन्तुकहरू (भिजिटरहरू)
- शौचालय प्रशिक्षण नीति दर्ता/भर्ना
- ठेगाना परिवर्तन
- ड्रेस कोड
- थप कपडा (लुगा)
- पोषण नीति
- कक्षाकोठा समारोह
- ब्रेकफास्ट (बिहानको नास्ता)
- चिकित्सा र दाँत (दन्त) को मूल्याङ्कन
- औषधि
- बिरामी र सरूवा (संक्रामक) रोग
- फोटोग्राफहरू (तस्बिरहरू)
- उपस्थिति र ढिलाई
- बालकलाई छोड्न र पिक-अप गर्न
- आपतकालीन फोन नम्बरहरू
- बाल सुरक्षा, संरक्षण र कानून
- अनुशासन

विशेष शिक्षाका सेवाहरू १६

- मूल्याङ्कन
- व्यक्तिगत शिक्षा कार्यक्रम (IEP)
- सम्बन्धित सेवाहरू
- स्कूल जाने उमेरका बच्चाको कार्यक्रमकालागि पुन:मूल्याङ्कनको विवरण
- यातायात
- अभिभावक मेन्टोर कार्यक्रम

पारिवारिक संलग्नता १८

पारिवारिक सम्झौता हस्ताक्षर फाराम १९

उपस्थिति नीति हस्ताक्षर फाराम २१

# परिचय

कलम्बस सिटी स्कूलको अर्ली चाइल्डहूड शिक्षा (ECE) एउटा विकासात्मक रूपमा उपयुक्त कार्यक्रम हो जसले शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सेवा र परिवार र सामुदायिक साझेदारीहरूका क्षेत्रमा पृ-स्कूल जान उमेर पुगेका बालबालिका र उनीहरूका परिवारहरूलाई व्यापक रूपमा सेवाहरू प्रदान गर्दछ। हामीले सेवा दिने हरेक बालबालिका सफल हुनेछन् र किन्डरगार्टेनमा प्रवेश गर्न तयार हुनेछन् जुन एउटा कार्यक्रममा भएको परिणामका रूपमा सिक्न जारी राख्नकालागी:

- हरेक बच्चाले सिक्न सक्छ र सिक्नेछ भन्ने विश्वास गर्छ
- प्रत्येक बच्चामा प्रतिज्ञा, आशा र सम्भावना भएको देख्छ
- उच्च योग्य र समर्पित कर्मचारी सदस्यहरूलाई रोजगार दिन्छ
- निरन्तर सुधार सुनिश्चित गर्न यसका कार्यक्रमहरूको निगरानी गर्दछ
- आफ्ना कर्मचारीहरूकालागि निरन्तर व्यावसायिक विकास प्रदान गर्दछ
- आफ्नो बच्चाको शिक्षामा साझेदारका रूपमा अभिभावकहरूलाई समावेश गर्दछ र महत्त्व दिन्छ
- राज्य र राष्ट्रिय स्तरहरूसँग उपयुक्त पाठ्यक्रम र मूल्याङ्कनलाई पङ्क्तिबद्ध गर्दछ

कलम्बस सिटी स्कूल्सको अर्ली चाइल्डहूड शिक्षा (ECE) कार्यक्रमको लक्ष्य (मिशन) भनेको सबै बालबालिकाकालागि बलियो जग बसाउन सहयोग प्रदान गर्नु हो-जसले प्रत्येक विद्यार्थीलाई अर्को स्तरको सिकाइ र त्यसभन्दा बाहिरकालागि तयार गर्छ। यो लक्ष्य (मिशन) कलम्बस सिटी स्कूल्सको व्यापक मिशन र दृष्टिमा आधारित छ: प्रत्येक विद्यार्थी उच्च शिक्षित, नेतृत्व र सेवाकालागि तयार प्रत्येक विद्यार्थी उच्च शिक्षित हुन्छ, नेतृत्व र सेवाकालागि तयार हुन्छ, र विश्वव्यापी समुदायमा एउटा नागरिकको रूपमा सफलताकालागि र सफल विद्यार्थीको दृष्टिमा सतप्रतिशत (१००%) सशक्त हुन्छ।

यो पारिवारिक हस्तपुस्तिका (ह्यान्डबुक) अर्ली चाइल्डहुड शिक्षा (ECE) को कलम्बस सिटी स्कूल्स डिभिजनद्वारा उपलब्ध गराइएका कार्यक्रमहरूमा भाग लिने बालबालिकाकालागि नीति र प्रक्रियाहरू सम्बन्धी विस्तृत सन्दर्भको मार्गदर्शक (गाइड) हो। नीति र कार्यविधिहरू भने आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ।

# पाठ्यक्रम

कलम्बस सिटी स्कूल्स अर्ली चाइल्डहूड शिक्षा (ECE) ले व्यापक र ओहायोको प्रारम्भिक सिकाइ सामग्री मानकहरूसँग मिल्दोजुल्दो र एउटा लिखित, अनुसन्धानमा आधारित पाठ्यक्रम लागू गर्दछ। यी मापदण्डहरू ओहायो डिपार्टमेन्ट अफ एजुकेशनले सेट गरेको छ र यसले विकासका सबै क्षेत्रहरू संज्ञानात्मक, सामाजिक, भावनात्मक र शारीरिकलाई जोड दिन्छ। विकासात्मक रूपमा उपयुक्त पाठ्यक्रमले बच्चाहरूको व्यक्तिगत सिकाइ आवश्यकताहरू, साथै सबै बालबालिकाहरूको सामूहिक आवश्यकताहरूलाई सम्बोधन गर्दछ, उनीहरूलाई सफलताकालागि मार्गनिर्देशन पनि गर्दछ।

यो प्रारम्भिक सिकाइ कार्यालय र विद्यालय तयारी कार्यालयले प्रि-स्कूलकालागि उमेर पुगेका बालबालिकाहरूको स्क्रीनिंग र मूल्याङ्कन बारे निर्देशन प्रदान गरेको छ। नतिजाका रूपमा, कलम्बस सिटी स्कूल्सको अर्ली चाइल्डहुड शिक्षा कार्यक्रमको मूल्याङ्कन चलिरहने प्रक्रिया हो भनी विश्वास गर्छ र तपाँईका बच्चाको बाल्यकालीन विकासको प्रत्येक क्षेत्रमा कहाँ छ भन्ने कुरा बारे "स्न्यापसट" को रूपमा प्रयोग गरिनुपर्छ भन्ने विश्वास गर्छ। बालबालिकाको प्रगतिको मूल्याङ्कन स्कूल वर्षभरि नै हुन्छ।

विकासात्मक मूल्याङ्कन उपकरणहरूमा निम्न समावेश हुन सक्छ:

- ओहायो प्रारम्भिक सिकाइ मूल्याङ्कन (ELA)
- ब्रिगेन्स (विकासात्मक) स्क्रीनिङ उपकरण
- अनौपचारिक शिक्षक मूल्याङ्कनहरू: अर्थात् अवलोकनहरू, उपाख्यानहरू, जाँचसूचीहरू
- पाठ्यक्रम मूल्याङ्कन

# कार्यक्रमका गतिविधिहरु

### व्यावसायिक विकासका दिनहरू

कार्यक्रमको गुणस्तरकालागि उच्च योग्य कर्मचारी हुनु आवश्यक हुन्छ। फलस्वरूप, स्कूल वर्षको दौडानमा धेरै दिनहरू कर्मचारी विकास सत्रहरूमा उपस्थित हुन कर्मचारीहरूकालागि छुट्याइएको छ। यी मितिहरू स्कूल वर्षको सुरुमा स्थापित गरी सबै परिवारहरूलाई दिइन्छ। **व्यावसायिक विकासका दिनहरूमा अर्ली चाइल्डहुड एडुकेशन (ECE) का बालबालिकाकालागि कुनै स्कूल लाग्दैन।**

### क्षेत्रीय यात्राहरू (फील्ड ट्रिप्सहरू)

अर्ली चाइल्डहूड शिक्षा (ECE) कार्यक्रमकालागि क्षेत्रीय यात्राहरू (फील्ड ट्रिप्सहरू) लाई पाठ्यक्रमको एक भागको रूपमा मानिन्छ र विषयवस्तुहरू, विशेष दिनहरू/र कार्यक्रमका लक्ष्यहरूको वरपर रहेर योजना बनाइन्छ। मेरो बच्चालाई सबै स्कूलका क्षेत्रीय यात्राहरू (फील्ड ट्रिप्सहरू) मा भाग लिन अनुमति दिँदैछु भन्ने एउटा फाराम भर्न सबै परिवारहरूलाई स्कूल वर्षको सुरुमै भनिएको छ। हस्ताक्षर गरिएको अनुमति फाराम बिना कुनै पनि बच्चालाई क्षेत्रीय यात्रा (फील्ड ट्रिप्स) का दिन घरमै बस्नुपर्छ। अनुमति पाएका बालबालिकालाई मात्र यात्रामा जान दिइनेछ। डिभिजन अफ अर्ली चाइल्डहुडले अभिभावक र परिवारको संलग्नतालाई स्वागत गर्दछ र परिवारहरूलाई संरक्षकको अवसरहरूका बारेमा थप जानकारीकालागि आफ्नो बच्चाको शिक्षकसँग सम्पर्क गर्न प्रोत्साहित गरिन्छ।

### गृह (घर) को भ्रमणहरू

सबै राज्य, संघीय र जिल्ला स्वास्थ्य र सुरक्षा प्रोटोकललाई पालना गर्दै, अर्ली चाइल्डहुड शिक्षा (ECE) कर्मचारीहरू (शिक्षक र निर्देशात्मक सहायकहरू)ले कहिलेकाहीं सहभागी परिवारहरूको गृह (घर) को भ्रमण गर्छन्। यो निर्देशनात्मक कर्मचारीहरूकालागि बच्चालाई उनीहरूको परिवारसँग घरमा हेर्ने र उनीहरूलाई राम्रोसँग चिन्ने समय हो। यो अभिभावकहरूकालागि प्रश्नहरू सोध्ने र विद्यालयमा तपाँईको बच्चासँग के भइरहेको छ भन्ने बारे जान्ने अवसर पनि हो। यो एक अनौपचारिक बैठक हो र परिवारहरूले मनोरञ्जन लिने वा कर्मचारीहरूलाई नाश्ता प्रदान गर्ने अपेक्षा गरिएको छैन। धेरैजसो भ्रमणहरू २० मिनेट देखि ३० मिनेटसम्मका हुन्छन्। घर भ्रमणहरू समय अगावै व्यवस्थित गरिन्छ र कर्मचारीहरूले केवल पूर्व प्रबन्ध गरिएका घरहरूमा मात्र जानेछन्। गृह (घर) को भर्चुअल भ्रमणहरू उपयुक्त मानिएमा सो समावेश गर्न पनि सकिन्छ।

# नीतिहरू र प्रक्रियाहरू

### खुला ढोका नीति

कलम्बस सिटी स्कूल्सको खुला-ढोका नीति छ। अभिभावकहरूलाई स्कूल भ्रमण गर्न, कक्षाकोठाहरूको अवलोकन गर्न, स्वयंसेवक बन्न र सम्भव भएसम्म स्कूलका कार्यक्रमहरूमा भाग लिन प्रोत्साहित गरिन्छ। यदि कुनै अभिभावकले कर्मचारीलाई शिष्टाचारको रूपमा आफ्नो कोठामा आउँदै हुनुहुन्छ भने कार्यालयका कर्मचारीहरूले अर्ली चाइल्डहुड शिक्षा (ECE)का कर्मचारीहरूलाई सूचित गर्नेछन्। अभिभावकहरूलाई विद्यार्थीहरू उपस्थित नभएका बेला कर्मचारीहरूसँग व्यक्तिगत आवश्यकताहरू/सम्मेलनकालागि भेट्न छुट्टै समय मिलाउन प्रोत्साहन गरिन्छ।

ओहायो डिपार्टमेन्ट अफ एजुकेशन (ODE) को पृ-स्कूल इजाजतपत्र नियम ३३०१-३७-०७-(ई) का अनुसार: "कार्यक्रममा भर्ना भएका बच्चाको कुनै पनि अभिभावकलाई आफ्नो बच्चालाई सम्पर्क गर्नकालागि स्कूल सञ्चालन भएको समय विद्यालयमा असीमित पहुँचको अनुमति दिइनेछ। कार्यक्रम, परिसर वा निर्देशक द्वारा अनुमोदित अन्य उद्देश्यहरूकालागि प्रदान गरिएको हेरचाहको मूल्याङ्कन गर्नुहोस्। परिसरमा प्रवेश गरि सकेपछि अभिभावकले विद्यालयको कार्यालयमा रिपोर्ट गर्नुपर्छ।"

### सञ्चालनको समय

अर्ली चाइल्डहूड शिक्षा (ECE)का कक्षाहरू र सबैभन्दा समावेशी अर्ली चाइल्डहुड शिक्षा (ECE) का कक्षाहरू (ती कक्षाहरू जहाँ विशेष आवश्यकताका विद्यार्थीहरू र अर्ली चाइल्डहुड शिक्षा (ECE) का साथीहरू दुवै भएका कक्षाहरू) को सामान्यतया बिहान ९:०० बजे देखि ३:३० बजे सम्म पूरा दिनको तालिकालाई पालना गर्छन्।

यद्यपि, अर्ली चाइल्डहुड शिक्षा (ECE) का विद्यार्थीहरूले उनीहरूको स्कूलमा बिहानको खाजा कार्यक्रममा भाग लिन सक्छन् जुन सामान्यतया बिहान ८:३० बजे सुरु हुन्छ।

साथै, विशेष आवश्यकता भएका ३, ४ र ५ वर्षका बालबालिकाकालागि आधा दिनको अर्ली चाइल्डहुड शिक्षा (ECE) कक्षाहरू छन्। यी कक्षाकोठाहरूमा बिहानको सत्रहरू सामान्यतया बिहान ९:०० बजेदेखि ११:३० बजे सम्म हुन्छ। यद्यपि, यी विद्यार्थीहरूले उनीहरूको स्कूलमा बिहानको खाजा कार्यक्रममा भाग लिन सक्छन् जुन सामान्यतया ८:३० बजे सुरु हुन्छ। यी कक्षाहरूमा दिउँसोका सत्र १:०० बजेदेखि दिउँसो ३:३० बजे सम्म हुन्छ।

## चाँडै (प्रारम्भिक) बिदा/स्कूल रद्द

स्कूल पात्रोमा पहिचान गरिएका बाहेक अन्य स्कूल बन्द हुने समय हुन सक्छ। बरफको मौसम अवस्था, बाढी र हिउँको मौसमी अवस्थाले विगतमा स्कूलहरू बन्द गराएको छ। मौसमको कारणले स्कूल बन्द भएमा जिल्लाको वेबसाइटमा जानकारी दिइने छ र स्थानीय रेडियो र टेलिभिजन स्टेसनहरू मार्फत पनि घोषणा गरिनेछ।

## दीसा-पिसाब गर्ने (शौचालय जाने) तालिम (प्रशिक्षण) गर्ने बारे दिशानिर्देशहरू

जिल्लाको अर्ली चाइल्डहूड एडुकेशन (ECE) कार्यक्रममा भाग लिनु अघि बच्चालाई दीसा-पिसाब गर्ने (शौचालय जाने) तालिम दिनुपर्छ। शौचालय प्रशिक्षित अर्ली चाइल्डहुड एडुकेशन (ECE)का बालबालिकाहरू: डायपर वा डिस्पोजेबल अन्डरवियर (पुल अप्सहरू) अब लगाउदैन्न, उनीहरूलाई बाथरूम जान आवश्यक पर्दा कुनै एक वयस्कलाई बताउन सक्छन् र उनीहरूको आफ्नै स्वच्छता हेरचाहमा उपस्थित हुन सक्छ। **(कृपया ध्यान दिनुहोस्, यो नीति व्यक्तिगत शिक्षा योजना भएका बालबालिकाहरूकालागि लागू हुँदैन)**

दुर्घटनाहरू हुन्छन् र हुन सक्छन् त्यसैले हामी तपाँईलाई आफ्नो बच्चाकालागि स्कूलमा कुनै दुर्घटना भए कपडा (लुगा) परिवर्तन गर्न स्कूलमा थप कपडा (लुगा) पठाइ दिनु हुन अनुरोध गर्छौं। दुर्घटनाहरू, परिभाषा अनुसार, असामान्य घटनाहरू हुन् र कहिलेकाहीं मात्र हुनुपर्दछ। यदि स्कूलमा दीसा-पिसाब गर्ने (शौचालय जाने) बारे दुर्घटनाहरू बारम्बार हुन्छ भने, अर्ली चाइल्डहुड एडुकेशन (ECE) का कर्मचारीहरूले शौचालय प्रशिक्षणबारे चिन्तालाई सम्बोधन गर्न व्यक्तिगत योजना बनाउन परिवारसँग परामर्श गर्नेछन्।

## दर्ता/भर्ना

*** कृपया ध्यान दिनुहोस् कि भर्ना/प्लेसमेन्ट (नियुक्ति) प्रक्रियामा व्यक्तिगत शिक्षा कार्यक्रमहरू (IEPs) भएका विद्यार्थीहरूकालागि अलि फरक छ**

अर्ली चाइल्डहुड एडुकेशन (ECE) मा दर्ता हुन विद्यार्थीहरू सेप्टेम्बर ३० तारिक सम्ममा ४ वर्ष पुगेको हुनुपर्छ। यदि तपाँईको बच्चा सेप्टेम्बर ३० तारिक सम्ममा ५ वर्षको हुन्छ भने ऊ पृ-के कालागि योग्य हुदैन तर किन्डरगार्टनकालागि भने योग्य हुनेछ। * नोट: विशेष शिक्षाका सेवाहरूकालागि योग्य हुने विद्यार्थीहरूको उमेरका आवश्यकताहरू फरक हुन्छन्।

प्रत्येक वर्षको फेब्रुअरीमा अनलाइन दर्ता (OLR) सुरु हुन्छ तर केन्द्रीय भर्ना केन्द्रमा जाने नियुक्ति (एपोइन्टमेन्ट) हरू भने अप्रिल देखि मात्र सुरु हुन्छ। अर्ली चाइल्डहुड एडुकेशन (ECE) विभागले निम्न मध्ये एक वा बढी मापदण्डहरू पूरा गर्ने विद्यार्थी/परिवारहरूकालागि प्रि-के मा प्राथमिकता भर्ना गर्न संघीय शीर्षक कोष दिशानिर्देशनहरूको पालना गर्दछ:

- पालनपोषण हेरचाहको युवा
- पूरक पोषण सहायता कार्यक्रम (SNAP) प्राप्त गर्ने परिवारहरू (फुड स्ट्याम्प)
- अस्थायी आवासमा रहेका परिवारहरू (घरबारविहीन)
- अंग्रेजी भाषा सिक्नेहरू

संघीय शीर्षक कोषका दिशानिर्देशनहरूले दुबै कारकहरू पूरा गर्ने विद्यार्थीहरूकालागि प्राथमिकता भर्ना समावेश गर्दछ:

- साक्षरता र भाषामा चुनौतीहरू भएका विद्यार्थीहरूकालागि (अनलाइन प्यारेन्ट सर्वेक्षण मार्फत जानकारी सङ्कलन गरिएको छ)
- सामाजिक र भावनात्मक व्यवहारमा चुनौतीहरू भएका विद्यार्थीहरूकालागि (अनलाइन प्यारेन्ट सर्वेक्षण मार्फत जानकारी सङ्कलन गरिएको छ)

मापदण्डहरू पूरा नगर्ने परिवारहरूलाई प्रतीक्षा सूचीमा राखिनेछ र यदि ठाउँ उपलब्ध भयो भने, आगमि मितिमा सूचित गरिनेछ।
अभिभावक/कानूनी संरक्षकले अनलाइन दर्ता पूरा गर्नेछन् र भर्ना विशेषज्ञसँग भेट्नेछन्। एक पटक भर्ना कागजी कार्य पेश गरिसकेपछि र अपोइन्टमेन्ट सम्पन्न भएपछि, अभिभावक/संरक्षकले प्यारेन्ट पोर्टलमा जानेछन् र प्रि-के कालागि पूर्व-आवेदन पूरा गर्नेछन्। उनीहरूले आफ्नो बच्चालाई उपस्थित हुने अवसरकालागि तीनवटा स्कूलहरूको छनौट गर्ने अवसर पाउनेछन्। यदि प्रस्ताव गरियो भने, अभिभावक/संरक्षकले दिएको ४८ घण्टा भित्रमा स्वीकार गर्ने भए स्वीकार गर्नु पर्छ वा अस्वीकार गर्ने भए अस्वीकार गर्नै पर्छ। यदि अभिभावक/संरक्षकले प्रस्तावलाई प्रतिक्रिया दिनुभएन भने, यो स्वतः अस्वीकार गरिनेछ।

**कृपया पढ्नुहोस्**: २०२२-२०२३ स्कूल वर्षकालागि लट्री मार्फत निम्न स्कूलहरू(कलम्बस स्पेनिश इमर्सन, कलम्बस अफ्रिसेन्ट्रिक, डक्सबेरी पार्क, इकोल केनवुड र ओकल्यान्ड पार्क) मा(कलम्बस स्पेनिश इमर्सन, कलम्बस अफ्रिसेन्ट्रिक, डक्सबेरी पार्क, इकोल केनवुड र ओकल्यान्ड पार्क) कालागि पृ-केमा भर्ना भएका विद्यार्थीहरूले २०२३-२०२४ स्कूल वर्षकालागि पनि भर्नाकालागि लट्री प्रक्रियामा भाग लिन आवश्यक हुनेछ। किन्डरगार्टनकालागि प्राथमिकताका आधरमा भर्ना गरिएको छैन।

किनभने अर्ली चाइल्डहुड एडुकेशन (ECE) कार्यक्रमको माग धेरै महान छ र कलम्बस सिटी स्कूल्सको जिल्ला बाहिर बस्ने विद्यार्थीहरूलाई भर्ना गर्ने कुनै विचार गरिने छैन।

गत १२ महिना भित्रमा स्वास्थ्य सेवा पेशेवरद्वारा शारीरिक र दन्त परीक्षण गरिएको कागजात र अन्य भर्ना सम्बन्धि कागजी कार्यहरू बच्चाले यस कार्यक्रममा उपस्थित हुनु भन्दा अघि नै पूरा गर्नुपर्छ। यी परीक्षाहरू प्रत्येक १२ महिना भित्रमा गरिएको नयाँ परीक्षाका कागजात पनि अद्यावधि हुनुपर्छ।

## ठेगानाहरूको परिवर्तन

हाम्रा स्कूलहरूमा बसाँई सराई (गतिशीलता) एउटा कारण हो र परिवारहरू समय-समयमा बसाँई सर्छन्। कृपया आफ्नो प्यारेन्ट पोर्टलमा जानुहोस् र आवश्यक जानकारीलाई अपलोड गर्नुहोस्। आवश्यक जानकारीहरूलाई कसरी अपलोड गर्ने भन्ने बारे थप जानकारीकालागि भर्ना अन्तर्गत जिल्लाको वेबसाइट ccsoh.us मा दिएको छोटो भिडियो छ। ठेगाना परिवर्तनकालागि चाहिने आवश्यक कागजातहरू:
(परिवारहरूले निम्न वस्तुहरू मध्ये कुनै एउटा उपलब्ध गराउनु/अपलोड गर्नुपर्छ)

- अभिभावक/संरक्षकको नाम लेखिएको हालैको उपयोगिता (युटिलिटी) बिल जस्तै (ग्यास, बिजुली वा पानी)। (फोनको बिल वा केबलका बिलहरू स्वीकार्य हुने छैनन्)।
- अभिभावक/संरक्षकको नाम भएको हालैको लीज (पट्टा) सम्झौता पत्र। लीज (पट्टा)लाई प्रमाणीकरण गर्न घरधनीको नाम र फोन नम्बर प्रदान गर्नुपर्छ।
- आमाबाबु/संरक्षकको नाम र ठेगाना सहितको सबैभन्दा भर्खरको दुईवटा रोजगार गरेका चेकहरू (जाँचहरू)।.
- मानव सेवा विभाग वा सामाजिक सुरक्षा विभागबाट अभिभावकलाई सम्बोधन गरिएको सबै भन्दा भर्खरको चेक स्टब।
- मानव सेवा वा सामाजिक सुरक्षा विभागबाट पठाईएको पत्रपत्रिका (लेटरहेड) को वक्तव्यमा, चेक प्राप्त गर्न अभिभावकले प्रयोग गरेको ठेगानालाई संकेत गर्दै अभिभावकले हुलाक कार्यालय बक्समा चेक पठाएको भए पनि वा केस कार्यकर्ताले एजेन्सीको पत्रपत्रिका (लेटरहेड)मा अभिभावकककालागि ठेगानाको प्रमाणीकरण प्रदान गर्न सक्षम हुन सक्छन्।
- अभिभावकको रोजगारदाता कर्मचारी कार्यालयबाट पत्रपत्रिका (लेटरहेड)मा अभिभावकले रोजगारीकालागि प्रयोग गरेको ठेगाना र आन्तरिक राजस्व सेवा (IRS) को डब्लु-टु (W-2) फारामहरू पेस गर्नकालागि प्रयोग गरिएको ठेगानालाई जनाउने।
- विद्यार्थीको आवासबारे प्रश्नावली- आवास संकटका कारण विस्थापित परिवारहरूकालागि
- (यदि जैविक/आवासीय अभिभावक बाहेक) ले हिरासत/अभिभावकताको प्रमाण पत्र- हिरासतका कागजात - अभिभावकको अधिकार र जिम्मेवारीहरू बाँडफाँड गर्ने र आवासीय अभिभावक र बच्चाको कानुनी संरक्षक नियुक्त गर्ने न्यायाधीशको आदेश वा डिक्री वा यस्तो आदेशको परिमार्जनको प्रमाणित प्रतिलिपि (यदि लागू) हुन्छ भने।

आवास संकटको कारण बिना अर्को व्यक्तिसँग बसो-बास गर्ने परिवारहरूले, रेसिडेन्सी फारामको प्रमाणीकरण Verification of Residency पूरा गर्नुपर्छ र भर्ना केन्द्रको 614-365-4011 मा सम्पर्क गरेर नियुक्तिको समय तालिका बनाइ ठेगाना परिवर्तन गर्नुपर्छ। सम्पर्क हुन नसके कृपया सन्देश छोड्नुहोस् र नियुक्तिको समय तालिका बनाउन कसैले तपाँईसलाई सम्पर्क गर्नेछन्। तपाँईसँग नियुक्ति (भेटघाट) मा उपस्थित हुने व्यक्ति तपाँईसँग हुनुपर्छ। उनीहरूलाई आफ्नो परिचय पत्र र हालको उपयोगिता जस्तै (ग्यास, पानी वा बिजुलीको) बिल मात्र वा त्यो निवासकालागि विद्यार्थीको अभिभावक/संरक्षकको नाममा भएको लीज/डिड चाहिन्छ।

हिरासत (कस्टडी) परिवर्तनको कारणले ठेगाना परिवर्तन गर्नु पर्ने भए नयाँ अनलाइन मार्फत दर्ता र भर्ना बारे अपोइन्टमेन्ट (नियुक्ति) बनाउनु पर्छ।

यदि तपाँईको परिवार आफ्नो बच्चा सहित हालै भर्ना भइ उपस्थित हुदै गरेको स्कूल क्षेत्रबाट बाहिर सर्दै हुनुहुन्छ भने, कृपया नयाँ उपस्थिति क्षेत्रमा सम्भावित खुल्ने स्कूलहरू बारे छलफल गर्न अर्ली चाइल्डहुड एडुकेशन (ECE) का सामाजिक कार्यकर्तालाई सम्पर्क गर्नुहोस्। नयाँ विद्यालयमा भर्नाको कुनै ग्यारेन्टी हुदैन।

व्यक्तिगत शैक्षिक योजनाहरू (IEPs) भएका बालबालिकाहरूकालागि उपयुक्त ठानेमा नयाँ ठेगानामा आधरित नजिकको विद्यालयमा वैकल्पिक नियुक्ति गरिनेछ।

## ड्रेस कोड (पोशाक कोड)

ड्रेस कोड (पोशाक कोड) कतिपय विद्यालयहरूको एउटा विशेष पोशाक कोड हुन्छ। यदि आफ्नो बच्चा उपस्थित हुने स्कूलमा ड्रेस कोड (पोशाक कोड) लागु गरिएको छ भने अभिभावकहरूले सम्भव भएमा ती कोडहरूको पालना गर्नुपर्छ। विशेष कोड नभएका विद्यालयहरूकालागि, कृपया आफ्नो बच्चालाई अनौपचारिक, आरामदायी पोशाक लगाइ स्कूल पठाउनुहोला। उनीहरूले धेरै सक्रिय र "अव्यवस्थित" गतिविधिहरूमा भाग लिन्छन्। तपाँईको बच्चालाई मौसम अनुसार र मौसमकालागि उपयुक्त लुगा लगाउन लाउनुहोस्। यदि मौसम २० डिग्री भन्दा माथि छ भने बच्चाह दैनिक बाहिर जान्छन्। कृपया आफ्ना बालबालिकाकालागि टोपी र पन्जा र उपयुक्त जुत्ता ल्याउन नबिर्सनुहोस्।

सुरक्षाका कारणले गर्दा, हामी तपाँईलाई आफ्नो बच्चालाई खुल्ला औंलाहरू नदेखिने गरि जुत्ता लगाउन वा पछाडि खुल्ला भएको जुत्ताहरू लगाउन अनुमति नदिनुहोस् भनेर सोध्छौं।

कलम्बस सिटी स्कूल्सको ड्रेस कोडसँग मेल खान्छ, विद्यार्थीहरूलाई खाली काँध वा खाली मिड्रिफ भएका लुगा लगाउन अनुमति दिने छैन र प्यान्ट कम्मर वरिपरि लगाउनु पर्छ।

## अतिरिक्त लुगा

यो महत्त्वपूर्ण छ कि तपाँईको बच्चालाई स्कूलमा राख्नकालागि कपडा परिवर्तन गर्नु पर्छ। स्कूलमा हुँदा, त्यहाँ शौचलय (बाथरुम) मा पानी खेल्ने, चित्रकला र बाहिरी गतिविधिहरू हुन सक्ने दुर्घटनाले लुगा फोहोर वा भिजेको हुन सक्छ।

कृपया विद्यालयको पहिलो दिन नै एक जोडी प्यान्ट, एउटा शर्ट, एक जोडी मोजा र एक जोडी अन्डरवियर पठाउनुहोस्। यदि लुगा घर पठाइयो भने, कृपया उनीहरूलाई अर्को दिन बदलेर पठाइदिनुहोस्। यो पनि सिफारिस गरिएको छ कि तपाँई भित्री भागमा बच्चाको नामकासाथ कपडा लेबल गर्नुहोस् र त्यो कपडालाई प्लास्टिकको झोलामा हालि तपाँईको बच्चाको नाम सहित पठाउनुहोस्।

यदि तपाँईको बच्चामा व्यक्तिगत शैक्षिक योजना (IEP) छ र अझै शौचालय बारे प्रशिक्षित छैन भने, डायपरको सेट पठाउने योजना गर्नुहोस् वा पुल-अपहरूका साथै वायपरहरू वर्षभरी स्कूलमा राख्नु पर्छ। विद्यालयले डायपर र वाइप प्रदान गर्दैन। व्यक्तिगत शैक्षिक योजना (IEP) नभएका विद्यार्थीहरूले स्कूलमा उपस्थित हुन पूर्ण रूपमा शौचलय (बाथरुम) बारे प्रशिक्षित हुनुपर्छ)।

## पोषण नीति

स्कूलले हरेक दिन विद्यार्थीहरूलाई यूएस डिपार्टमेन्ट अफ एग्रीकल्चर (यु एस डि ए) को आहार दिशानिर्देशहरू पूरा गर्ने वा पार गर्ने बिहानको खाजा, दिँउसोको खाना र चमेनाको व्यवस्था गर्छ। विद्यार्थीहरूसँग घर पठाइने मेनु र खाना प्राथमिकताहरूकालागि सि सि एस वेबसाइटमा उपलब्ध हुने दैनिक मेनुमा अभिभावकहरूलाई मासिक मेनु जाँच गर्न भनिएका खाजा र खानाहरू समावेश हुनेछन्। अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सले अड्किने खतराको रूपमा वर्गीकरण गरेकोले अर्ली चाइल्ड्हुड एडुकेसन (इ सि इ ) का विद्यार्थीहरूलाई हट डगहरू दिइँदैन।

खानाको एलर्जी र विशेष खालको आहारको अनुरोधहरूलाई एउटा चिकित्सकको पत्र चाहिन्छ जुन व्यक्तिगत आधारमा मूल्याङ्कन र प्रतिक्रियाकालागि सि सि एसमा दर्ता गरिएको आहारविद्कोमा पठाइनेछ।

## स्वस्थ खाने बानीहरू

- उमेर अनुसारको उपयुक्त पोषण, शिक्षा र प्रवर्द्धन गतिविधिहरूलाई कक्षाकोठाको निर्देशनमा एकीकृत गरिनेछ।
- खाना र पेय पदार्थहरू शैक्षिक प्रदर्शन वा व्यवहारकालागि पुरस्कार वा दण्डका रूपमा प्रयोग गरिने छैन।
- स्टाफ सदस्यहरूले विद्यार्थीहरूलाई नयाँ वा कम मनपर्ने खानाहरू प्रयास गर्न प्रोत्साहित गर्नेछन् अनि उनीहरूलाई मन नपरेको खानेकुरा खान जबरजस्ती कहिल्यै गर्नेछैनन्। कर्मचारी सदस्यहरूले नयाँ खानाहरू परिचय गराउनेछन् र विद्यार्थीहरूलाई ती खाना प्रयास गर्न प्रोत्साहित गर्नेछन् तर यदि तिनीहरू त्यसो गर्न इच्छुक छैनन् भने तिनीहरूलाई चाख्न वा खान लाउने छैनन्।
- कर्मचारीहरूले विद्यार्थीहरूलाई उनीहरूले पेट भरिँदा खान बन्द गर्न सक्छन् भनेर सम्झाउनेछन्।
- विद्यार्थीहरूले विद्यालयमा खाना वा खाजा खाँदा पर्याप्त समय छुट्याइनेछ। दैनिक तालिकाले खाना र खाजाकालागि आरामदायी र पर्याप्त अवधिलाई बढावा दिनेछ।
- बच्चाहरूले खाना खानु अघि हात धुन आवश्यक हुनेछ।

कलम्बस सिटि स्कूल्सको स्वास्थ्य र कल्याण पहलको एउटा भागको रूपमा हामी बच्चाहरुको परिवारको खाने कुराको विकल्पहरु प्रदान गर्नकालागी स्वस्थ भोजन आमाबाबुकालागी उदाहरणहरु प्रदान गर्नेछौं।

## स्वस्थ पेय पदार्थ

राष्ट्रिय विद्यालय दिवा खाजा कार्यक्रम बमोजिम विद्यार्थीहरूलाई बिहानको खाजा र दिउँसोको खानामा पेय पदार्थ पानी मात्र उपलब्ध गराइनेछ। यसमा कक्षाकोठाका अन्य उत्सवहरूको समयमा पानीको प्रस्ताव पनि समावेश छ। सबै विद्यार्थीहरूलाई दिनभर पिउने पानी निःशुल्क उपलब्ध हुनेछ।

### कक्षाकोठामा मनाइने उत्सवहरू

अर्ली चाइल्ड्हुड एडुकेसन- इ सि इ (प्रारम्भिक बाल्य शिक्षा) का कक्षाहरूले कक्षाकोठा गरिने उत्सवका सम्बन्धमा जिल्लाको निर्माण नीतिको पालना गर्दछ। प्रत्येक बच्चाकालागि कक्षाको खेल, किताब, वा स्टिकर वा पेन्सिल जस्ता साना वस्तुहरू दान गर्ने लगायतका उत्सवहरूकालागि गैर-खाद्य पुरस्कारहरूमा प्राथमिकता दिइन्छ। यदि तपाँईका बच्चाको भवनको खाद्य नीतिले उत्सवकालागि बाहिरी खानालाई अनुमति दिन्छ भने कृपया विद्यालयले उपलब्ध गराइएका स्वस्थ खानाहरूको सूची पालना गर्नुहोस् वा सुझावहरूकालागि आफ्नो बच्चाको शिक्षकलाई सम्पर्क गर्नुहोस् र खानालाई व्यावसायिक रूपमा पोषण र एलर्जी जानकारी स्पष्ट रूपमा लेबल गरिएको हुनुपर्छ।

### बिहानको नास्ता

**विद्यार्थीहरूले राम्रो ब्रेकफास्ट खाएर दिनको सुरुवात गर्नु धेरै महत्त्वपूर्ण हुन्छ।** स्कूलमा बिहान खाने खाजाको कार्यक्रम छ; यद्यपि आमाबाबुले आफ्नो बच्चालाई बिहानको खाजाको समयमा कार्यक्रममा पुर्याउनैपर्छ। यदि तपाँईको बच्चाले बिहान स्कूलको खाजाको समय छुटायो भने कृपया विद्यालय आउनु अघि आँफैले केहि ख्वाएर मात्र बच्चालाई स्कूलमा ल्याउनुहोला। यसमा तपाँईको सहयोग सराहनीय हुनेछ।

## मेडिकल (चिकित्सा सम्बन्धी) र डेन्टल मूल्याङ्कन

ओहायो डिपार्टमेन्ट अफ एजुकेशन-ओहायो शिक्षा विभाग (ओ आर सि ३३०१-३७-०८) ले विद्यार्थीहरूलाई विद्यालय सुरु गर्नु अघि कार्यक्रममा भर्ना हुनकालागि उपयुक्त अवस्थामा छन् भनी विगत १२ महिना भित्र आवश्यक प्रतिरक्षाको कागजात र एउटा मेडिकल परीक्षण हुन आवश्यक छ। यो आवश्यकता पूरा नभएसम्म विद्यार्थीहरू कक्षामा उपस्थित हुन सक्तैनन्। परीक्षाको कागजातमा बच्चाको नाम, जन्म मिति, परीक्षाको मिति, विगतको चिकित्सा इतिहास, वर्तमान स्वास्थ्य समस्या/निदान, नतिजाहरू समावेश हुनुपर्छ।

परीक्षण नतीजा, खोप रेकर्ड, स्वास्थ्य सेवा प्रदायकको हस्ताक्षर, र आधिकारिक कार्यालय/क्लिनिकको छाप भएको स्ट्याम्प लगाइएको कागजात।

अर्ली चाइल्ड्हुड एड्युकेसन- इ सि इ (प्रारम्भिक बाल्य शिक्षा) सि सि एस मेडिकल रेकर्डको प्रतिलिपि यस ह्यान्डबुकमा संलग्न गरिएकाको रूपमा समावेश गरिएको छ तर आवश्यक जानकारी वा कार्यालय/क्लिनिकबाट परीक्षणको आधिकारिक प्रिन्ट समावेश गर्ने कुनै पनि कागजात स्वीकार्य छ। यदि मेडिकल परीक्षणको म्याद स्कूल वर्षमै समाप्त हुन्छ भने कर्मचारीहरूले परिवारलाई म्याद सकिने मितिहरू सम्झाउनेछन्। तर यो अन्ततः अभिभावक/संरक्षकको जिम्मेवारी हो कि चिकित्सा परीक्षणहरू अद्यावधिक गरिएका छन्। **यदि उपयुक्त समय सीमामा अद्यावधिक गरिएको मेडिकल परीक्षण वा खोपहरू प्राप्त भएन भने विद्यार्थीहरूलाई कक्षामा उपस्थित हुनबाट वञ्चित गरिनेछ।** सबै चिकित्सा जानकारी कक्षाकोठा शिक्षक वा अर्ली चाइल्ड्हुड एड्युकेसन- इ सि इ वा भवन नर्सलाई दिइनुपर्छ। यदि तपाँईलाई यी आवश्यकताहरूसँग कठिनाइ भइरहेको छ भने, कृपया सहयोगकालागि अर्ली चाइल्ड्हुड एड्युकेसन- इ सि इ नर्सलाई 614- 365-5822 मा सम्पर्क गर्नुहोस्। वार्षिक दन्त परीक्षण सबै विद्यार्थीहरूकालागि दृढताका साथ सिफारिस गरिन्छ। यदि एउटा विद्यार्थीको पुरानो रोगवस्था (जस्तै दम, खाना एलर्जी, दौरा, आदि) वा विशेष स्वास्थ्य सेवा आवश्यकता छ भने, कृपया अर्ली चाइल्ड्हुड एड्युकेसन- इ सि इका नर्सलाई सूचित गर्नुहोस् ताकि उपयुक्त हेरचाह उपलब्ध गराउन सकिन्छ।

### २१ वर्ष भन्दा कम उमेरका बालबालिकाकालागि हेल्थचेक सेवाहरू (स्वास्थ्य जाँच सेवा)

(हेल्तचेक) (Healthchek) ओहायोको प्रारम्भिक र आवधिक स्क्रीनिंग, निदान र उपचार (Early and Periodic Screening, Diagnosis and Treatment-EPSDT) कार्यक्रम हो। यो ओहायो मेडिकेडमा भर्ना भएका बच्चाहरू, बालबालिकाहरू र २१ वर्ष मुनिका युवा वयस्कहरूकालागि सेवाको प्याकेज हो।

स्वास्थ्य जाँच (हेल्तचेक) को उद्देश्य भनेको स्वास्थ्यका समस्याहरू चाँडै पत्ता लगाउनु र उपचार गर्नु हो। यदि सम्भावित स्वास्थ्य समस्या फेला पर्यो भने थप निदान र उपचारकालागि मेडिकेडद्वारा कभर गरिन्छ।

स्वास्थ्य जाँच (हेल्तचेक) ले निम्न जाँचहरू समावेश गर्ने जीवनको पहिलो दुई वर्षको उमेर सम्ममा दस पटक चेक-अपहरू र त्यसपछि वर्षै पिछेका चेक-अपहरू र एउटा पूर्ण शारीरिक स्वास्थ्य जाँच प्रदान गर्दछ:

- चिकित्सा इतिहास
- पूर्ण निर्वस्त्र गराएर गरिने  स्वास्थ्य जाँच परीक्षा पूरा गर्नुहोस् (अभिभावकको स्वीकृतिमा)
- विकासात्मक सर्वेक्षण मूल्यांकन वा अनुसन्धान - डेव्लोप्मेन्टल स्क्रिनिङ (बच्चाको शारीरिक र मानसिक क्षमता उमेर उपयुक्त छ कि छैन भनेर मूल्याङ्कन गर्ने)
- दृष्टि जाँच
- दन्त परीक्षण
- श्रवण (सुन्ने) मूल्याङ्कन
- खोप मूल्याङ्कन (बालबालिकाले समयमै प्राप्त गरेको सुनिश्चित गर्न)
- लीड् तत्वको स्क्रिनिङ; र
- आवश्यकता अनुसारका अन्य सेवाहरू वा स्क्रीनिङहरू

यदि तपाँईका बच्चाहरू ओहायो मेडिकेडमा भर्ना भएका छन् भने उनीहरूकालागि स्वास्थ्य जाँच (हेल्थचेक) सेवाहरू उपलब्ध छन्। यदि तपाईं २१ वर्ष भन्दा कम उमेरको हुनुहुन्छ र भर्ना हुनुभएको छ भने तपाँईले स्वास्थ्य जाँच सेवाहरू पनि पाउन सक्नुहुन्छ।

## औषधि

तपाँईको बच्चाले खाइरहेको कुनै पनि औषधि उसले घरमै खाएको हामी रुचाउँछौं। आवश्यक भएमा, अभिभावक/संरक्षकले पूरा फाराम भरि स्वास्थ्य हेरचाह पेशेवरद्वारा हस्ताक्षर गरिएको औषधि प्रमाणीकरण फाराम स्कूलमा बुजाइसकेपछि स्कूलमा तपाँईको बच्चालाई औषधि खुवाउन सकिन्छ। सो फाराम भरिएको नभए विद्यालयका कुनै पनि कर्मचारीहरूलाई त्यो औषधि (प्रिस्क्रिप्शन वा ओभर-द-काउन्टर) जिम्मा लिन अनुमति छैन। सबै औषधिहरू अभिभावक/संरक्षकले बच्चाको नाम भएको मूल कन्टेनर (औषधिहरू आएको खोलसंगै) उपलब्ध गरि बन्ध गरिने औषधि क्याबिनेटमा राख्नुपर्छ।

**स्कूलमा बच्चालाई औषधिहरू खुवाउनु पर्ने भएमा कृपया आफ्नो बच्चाको शिक्षकलाई यस्तो कुरा सूचित गर्नुहोस्। औषधि फारमहरू स्कूलबाट, स्कूल नर्सबाट र वा सि सि एसको वेबसाइटबाट पनि प्राप्त गर्न सकिन्छ।**

## बिराम र सरुवा रोग

बच्चा स्कूलको समयमा त्यहाँ हुँदा बिरामी भएमा स्कूलबाट बच्चा लैजान अभिभावक/संरक्षकहरूलाई तुरुन्त सूचित गरिनेछ। ओहायो डिपार्टमेन्ट अफ एडुकेसन (ODE) को इजाजतपत्र नियमहरू अनुसार बच्चालाई स्कूलमा आउनबाट रोकिनेछ यदि उनीसँग निम्न मध्ये कुनै छ भने:

- पखाला (चौबिस घण्टाको अवधिमा एक पटक भन्दा बढी पटक असामान्य रूपमा पखाला चलेको)
- कडा खोकी लागेको
- सास फेर्न गाह्रो भएको वा छिटो-छिटो सास फेर्दै गरेको
- आँखा र वा छाला पहेँलो भएको
- कन्जक्टिभाइटिस वा आँखा (गुलाबी) भएको
- तापक्रम एक सय डिग्री फरेनहाइट भएको
- निको नभएको दाग देखिएको
- पिसाब असामान्य रूपमा गाढा भएको र/वा दीसा खैरो वा सेतो भएको
- घाँटी कडा वा अह्ररो भएको
- लूतो वा अन्य परजीवी प्रकोपको प्रमाण भएको
- कोविड-१९ सहित सरुवा रोगका कुनै पनि संकेत वा लक्षणहरू देखिएको

कृपया स्कूल वर्षभरि आपतकालीन सम्पर्क जानकारीमा कुनै पनि परिवर्तन भएमा आफ्नो बच्चाको शिक्षकलाई अपडेट गराईमाग्रुहोस्।

यदि तपाँईको बच्चामा भर्खर माथि उल्लेख गरिएका कुनै पनि रोगका लक्षणहरू देखिएकाछन् भने तपाँईले तपाँईको बच्चालाई स्कूलमा फर्कन पुरै सन्चो नभएसम्म घरमै राख्नुपर्छ। पखाला, बान्ता, वा (ज्वरो घटाउने औषधिहरू नखाईकनै) ज्वरो रोकिएको ठ्याक्कै २४ घण्टा तपाँईको बच्चाले घरमै बस्नुपर्छ।

यदि तपाँईको बच्चालाई पत्ता नलागेको छाला सुन्निने रोग वा दाग देखिएको (र्यास) छ भने उनलाई स्वास्थ्य हेरचाह प्रदायकद्वारा जाति गराइनुपर्छ वा सो छाला सुन्निने रोग (र्यास) नजाउन्जेल बच्चा घरमै बस्नुपर्छ।

थप स्वास्थ्य जानकारी र फारमहरू सि सि एसको वेबसाइट अन्तर्गत हेल्त,फेमिलि एण्ड कम्मयुनीटि सर्विसेसमा पाउन सकिन्छ।

### हेल्त् स्क्रिनिङ (स्वास्थ्य जाँच)

ओहायो डिपार्टमेन्ट अफ एजुकेशन (ओहायो शिक्षा विभाग) ले तपाँईको बच्चा हाम्रो कार्यक्रममा भर्ना गरिएको हुँदा दर्ता गरिएको नर्सद्वारा वार्षिक रूपमा स्वास्थ्य परीक्षण पूरा गर्न आवश्यक छ। यो स्क्रिनिङमा उचाइ, तौल, शरीरको ठूलोपना सूचक, दृष्टि, श्रवण (सुन्ने) र दन्त जाँचहरू समावेश छन् र यो स्वास्थ्य परीक्षण स्कूलमा पूरा गरिनेछ र परिणामहरू अभिभावकहरू/संरक्षकलाई पठाइनेछ। यस हेल्त् स्क्रिनिङले तपाँईको स्वास्थ्य सेवा पेशेवर (हेल्तकेयर प्रोफेसनल) द्वारा गरिने चिकित्सा परीक्षाको आवश्यकतालाई पूरा गर्दैन।

### फोटोग्राफहरू (फोटोहरू)

यस्ता तस्विरहरू कुनै व्यावसायिक प्रशिक्षण सामग्रीहरू विकास गर्न पनि लिन सकिन्छ। विद्यालय भर्नाका क्रममा तपाँईलाई "फोटोग्राफ गर्न अनुमति" स्विकार गरको जनाउने फारम दिइनेछ।

### उपस्थिति र ढिलाइ

तपाँईको बच्चाले हरेक दिन समयमै विद्यालयमा उपस्थित हुनु महत्त्वपूर्ण हुन्छ। जब तपाइँको विद्यार्थीले धेरै मात्रामा, अनुपस्थितिलाई माफी नै दिइएको भएता पनि, विद्यालय छुटाएको छ भने बच्चाले महत्त्वपूर्ण निर्देशन समय र सिक्ने अवसरहरू गुमाउँछ। प्रत्येक दुई हप्तामा १ दिन वा २ दिन कक्षा छुटाएमा:

- प्रारम्भिक साक्षरता सीपहरू विकास गर्न अझ गाह्रो बनाँउछ।
- किन्डरगार्टन र अझ आउने कक्षाकालागि तयार हुन कठिन बनाँउछ।
- तोड्न गाह्रो हुने कमजोर उपस्थिति ढाँचा (बानी) को विकास गराँउछ।

राज्यको नयाँ कानूनले अत्यधिक अनुपस्थिति र ट्र्यान्सी (लामो अनुपस्थिति) बारे यस्तो परिभाषित गर्दछ:

> अत्यधिक अनुपस्थिति: एउटा विद्यार्थीले एक महिनामा ३८ वा सोभन्दा बढी घन्टा वा एक विद्यालय वर्षमा ६५ वा सोभन्दा बढी घन्टा वैध वा अवैध माफीका साथ विद्यालय छुटाएको भए।
>
> ट्र्यान्सी (लामो अनुपस्थिति): एउटा विद्यार्थीले ३० वा सो भन्दा बढि लगातार घण्टा, एक महिनामा ४२ वा बढी घण्टा वा एक विद्यालय वर्षमा ७२ वा सो भन्दा बढि घण्टा वैध माफी बिनै विद्यालयमा अनुपस्थित भएको भए।

यदि कुनै विद्यार्थी एक महिनामा लगातार ३० वा सोभन्दा बढी घण्टा (४.५ दिन) वा ४२ वा सोभन्दा बढी घण्टा अनुपस्थित भएमा परिवारलाई पत्र पठाइनेछ। यदि उपस्थितिमा सुधार भएन भने एउटा सफल योजना विकास गर्न एक जना अर्ली चाइल्डहूड शिक्षा (Early Childhood Education) का सामाजिक कार्यकर्ता संग एउटा बैठक निर्धारित हुन सक्छ।

यदि कुनै विद्यार्थी लगातार १० दिन (६५ घण्टा) अनुपस्थित भएमा परिवारलाई पत्र पठाइनेछ र विद्यार्थीलाई विद्यालयमा अनुपस्थित भएको १५ औं दिनमा निष्कासन गरिनेछ।

## बच्चा लिन/ टिप्रकालागि अधिकार

प्रत्येक अभिभावकले आफ्नो बच्चालाई  स्कूलबाट टिप्न वा जिम्मा बुझ्न कसलाई अनुमति दिएको छ भनेर संकेत गर्ने एउटा प्रमाणीकरण फाराम भर्नु पर्छ। यदि बच्चा टिप्न वा जिम्मा बुझ्न अधिकार दिइएको व्यक्ति आमाबाबु बाहेक अरू नै कोहि हो र (अर्ली चाइल्वुड एजुकेशन) इ सि इ स्टाफसंग अज्ञात वा अपरीचित कोही हो भने पहिलो पटक पिकअप गर्दा एउटा **मान्य परिचयपत्र (आई डी)** अनुरोध गरिनेछ। **तपाँईको बच्चालाई टिप्न वा जिम्मा बुझ्ने अधिकृत व्यक्ति फेर-बदल हुने भएमा अभिभावकहरूले (अर्ली चाइल्वुड एजुकेशन) इ सि इ शिक्षकलाई सम्पर्क गर्नुपर्छ।**

## आपतकालीन नम्बर

फोन कल गर्न र ढिलो हुँदा वा अन्य आपतकालिन अवस्थाहरूमा विद्यार्थी टिप्नकालागि अभिभावक/ संरक्षकसंग ३ वटा आपतकालीन फोन नम्बरहरू हुनुपर्छ। यी नम्बरहरू नाम दर्ता गर्दा वा अभिमुखीकरणको समयमा भर्नुपर्ने आपतकालीन कार्डमा जनाएको हुनुपर्छ। यी आपतकालीन नम्बर परिवर्तन भएको भए अभिभावकले  स्कूललाई सूचित गर्नुपर्छ र स्कूलले सम्पर्क गर्नकालागि अभिभावक/ संरक्षकसंगसँग **सधैं काम गर्ने आपतकालीन नम्बर हुनुपर्छ**।

## बाल सुरक्षा, संरक्षण र कानून

Providing बच्चाहरूलाई राम्रो शिक्षा प्रदान गर्नु र तिनीहरूलाई सुरक्षित राख्नु कलम्बस सिटी स्कूल्सका महत्त्वपूर्ण लक्ष्यहरू हुन्। यी लक्ष्यहरू पूरा गर्न हामी सक्दो गर्नेछौं। कृपया यो पनि ध्यानमा राख्नुहोस् कि हामी कानुनी रूपमा बेवास्ता र/वा दुर्व्यवहारको कुनै पनि शंका भएमा सो को रिपोर्ट गर्न बाध्य छौं।

ओहायो डिपार्टमेन्ट अफ एजुकेशन (ओ डि इ) ले सबै कलम्बस सिटी स्कूल्सका प्रारम्भिक बाल्यकाल (अर्ली चाइल्वुड) कक्षाकालागि इजाजतपत्र दिन्छ। सबै साइटहरू ओ डि इ पृ-स्कूल इजाजतपत्र सम्बन्धि नियमहरूको अनुपालना गर्दै छन् भनि सुनिश्चित गर्न प्रत्येक वर्ष वार्षिक अनुगमन भ्रमण गरिन्छ। अनुपालन रिपोर्टहरू प्रत्येक कक्षाकोठामा पोस्ट गरिएको छ। अभिभावकहरूले (अर्ली चाइल्वुड एजुकेशन) इ सि इ शिक्षकलाई सम्पर्क गरेर कक्षाकोठा अनुपालना रिपोर्टको प्रतिलिपि प्राप्त गर्न सक्नुहुन्छ। पृ-स्कूल इजाजतपत्र नियमहरूको उल्लङ्घनका सम्बन्धमा उजुरी दर्ता गर्न अभिभावकहरूले प्रारम्भिक बाल शिक्षाको कार्यालयलाई 614-466-0224 मा वा ओम्बड्सम्यान विभागलाई ६१४-४६६-४८३९ मा सम्पर्क गर्न सक्नुहुन्।

## प्रारम्भिक बाल्यकाल अनुशासन दिशानिर्देशहरू

कलम्बस सिटी स्कूल्सको पृ-किन्डरगार्टन कार्यक्रमले कक्षाकोठा भित्रको अनुशासनमा सकारात्मक, प्रगतिशील दृष्टिकोण प्रयोग गर्दछ। पृ-स्कूल शिक्षकले निम्न कार्य गरेर विद्यालयको पहिलो दिन बाटै सकारात्मक अनुशासनको प्रक्रिया सुरु गर्दछ:

**यी सरल नियमहरूको स्थापनामा नै बच्चाहरूलाई यि नियममा संलग्न गराउनु पर्छ:**

- हामीले आफैँलाई र एकअर्कालाई सम्मान गर्नु।
- हामी भवन भित्र हुँदा हाम्रो भित्री आवाज प्रयोग गर्नु।
- हामीले आफ्नो काम गरिसके पछि र खेलि सकेपछि त्यो ठाउँ सफा गर्नु।
- अरूले कुरा गरिरहेको बेलामा हामी सुन्छौ।

असल कक्षाकोठा व्यवस्थापनको लक्ष्य प्राप्त गर्न कक्षाकोठा व्यवस्थित गर्नु

उपयुक्त र दिनको समयमा सक्रिय र शान्त गतिविधिहरूको सन्तुलन भएका गतिविधिहरूको योजना गर्नु।

प्रत्येक बच्चालाई चासो दिइएको, हेरचाह गरिएको र निष्पक्षता गरिएको देखाउनु।

नियम र अपेक्षाहरू निरन्तर लागू गराउनु।

पृ-स्कूलका कक्षाकोठामा अनुशासन हुनुले बालबालिकाको व्यवहारलाई मार्गदर्शन गरेको मानिन्छ। अनुशासनको अन्तिम लक्ष्य भनेको बच्चाहरूलाई आफ्नै व्यवहार नियन्त्रण गर्नलाई मद्दत गर्नु हो।

रचनात्मक, विकासात्मक रूपमा उपयुक्त बाल मार्गदर्शन र व्यवस्थापन प्रविधिहरू जहिले पनि प्रयोग गरिन्छ।

निम्न उपायहरू समावेश छन् तर सीमित छैनन्: समय समाप्ति, पुनर्निर्देशन, बच्चा र अभिभावकसँग कुरा गर्ने, उपयुक्त व्यवहारकालागि प्रशंसा र पृ-स्कूल कक्षाकालागि यी सरल नियमहरूको स्थापना गर्नु हो।

बाधा पुर्याउने वा दिनचर्यामा बस्न नसक्ने केहि बालबालिकाहरूकालागि पृ-स्कूलका स्टाफले बच्चालाई मद्दत गर्नलाई अभिभावक(हरू)सँग कार्य योजना विकास गर्नेछ।

### सकारात्मक, प्रगतिशील अनुशासन निम्न दिशानिर्देशहरूमा आधारित छ:

- प्रत्येक बच्चालाई व्यक्तिका रूपमा सम्मान गर्नु पर्छ।
- प्रत्येक बच्चाको हेरचाह र कल्याणकालागि प्रतिबद्धता हुनुपर्छ।
- क्रूर, कठोर, शारीरिक वा असामान्य सजायबाट बचावट गर्नुपर्छ।
- शारीरिक प्रतिबन्ध, अपमानजनक भाषा, धम्की, अपमानजनक टिप्पणी र/वा मौखिक दुर्व्यवहार गर्नबाट बच्नुपर्छ।
- बच्चाको उमेर र विकास क्षमतामा आधारित उपयुक्त छुट्टिने स्थानहरू र समयहरूको पालना गर्नुपर्छ।
- कुनै पनि प्रकारको बाल दुर्व्यवहार र वा उपेक्षा (लापर्वाहि) गर्नबाट बच्नुपर्छ।

## व्यवहार मध्यस्थता गर्न स्तर र रणनीतिहरू

सबै विद्यार्थीहरूलाई सिक्ने अधिकार छ र कुनै पनि विद्यार्थीलाई अरूको सिकाई गतिविधिमा बाधा पुऱ्याउने अधिकार छैन। तपाँईका बच्चाको सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकता हो र हामी सुरक्षित सिकाई वातावरण प्रदान गर्न प्रतिबद्ध छौं। कलम्बस सिटि स्कूल्सका अभिभावकको रूपमा, इ एस एस ए-एव्री स्टुडेन्ट सक्सिड्स् एक्ट (प्रत्येक विद्यार्थी सफल हुन्छ अधिनियम) ले तपाइँसँग निम्न अधिकारहरू रहेको बताउँछ: राज्यव्यापी मूल्याङ्कनमा तपाँईहरूका बच्चाको व्यक्तिगत कार्यसम्पादन स्तरहरूमा पहुँच राख्ने, र तपाँईहरूका बच्चाको विद्यालयले राज्य रिपोर्ट कार्ड अनुसार बच्चाले प्रगति गरिरहेको छ कि छैन भनेर जान्न।

विद्यार्थीको सफलताकालागि मार्गदर्शक (गाइड् टु स्टुडेन्ट सक्केस) ले दुर्व्यवहारका कारणले हुने व्यवहार उल्लंघनको परिभाषा प्रदान गर्दछ र त्यसको नतिजाहरूको मेनु परिभाषित गर्दछ। दुर्व्यवहारलाई यस्तो प्रगतिशील क्रममा परिभाषित गरिएको छ:

**स्तर १** साना अपराधहरू

**स्तर २** अपराध स्तर १ दोहोरिएको गम्भीर दुराचार

**स्तर ३** स्तर १ वा स्तर २ अपराधहरू दोहोरिएको, अवैध र/वा गम्भीर दुर्व्यवहार, वा जीवन वा स्वास्थ्यलाई खतरामा पार्ने अपराधहरू

कलम्बस सिटी स्कूल्सका कर्मचारीहरूले विद्यार्थीहरूलाई व्यवहारिक अपेक्षाहरू पूरा गर्न असफल हुनेलाई कुनै पनि रूपमा शारीरिक दण्ड अनुमति नदिने तहगत सुधारात्मक मध्यस्थताका रणनीतिहरू र निर्देशनहरू प्रदान गर्छन्।

विद्यार्थीको उमेर र ग्रेड स्तर, विद्यार्थीको दुर्व्यवहारको इतिहास र खास अपराध र यसको गम्भीरता सहित, विद्यार्थीको व्यवहार सच्याउनकालागि धेरै विकल्पहरू विद्यार्थीका व्यक्तिगत आवश्यकताहरूको आधारमा छनौट गर्न सकिन्छ। स्कूलका कर्मचारीहरूले इच्छित व्यवहार बढाउन मद्दत गर्न तल उल्लिखित मध्यस्थताका रणनीतिहरू प्रयोग गर्छन्।

### सि सि एसका मध्यस्थताका रणनीतिहरू

अभिभावकसंग सम्पर्क/सम्मेलन गर्ने–सबै अनुशासनात्मक कार्यहरूकालागि विद्यार्थीको व्यवहारका बारेमा अभिभावकलाई सूचना गर्ने र सम्मेलन गर्ने।

विद्यालय-आधारित व्यवहारजन्य रणनीतिहरू– निम्न उदाहरणहरू छन्:

- विद्यार्थीसँग व्यवहारसम्बन्धी एउटा सम्झौता शृजना गर्ने
- पढाउने र पढ्नेको रिसको व्यवस्थापन गर्ने रणनीतिहरू
- विद्यालय-आधारित विशेषाधिकारहरू गुम्नु
- व्यवहारिक अपेक्षालाई पुन: सिकाउने
- स्कूल सल्लाहकार वा स्कूल सामाजिक कार्यकर्ताकोमा पठाउने
- मधयस्त सहायता टोली (इन्टर्वेन्सन एसिस्टेन्स टिम) कोमा पठाउने वा समर्थनको बहु-स्तरीय प्रणाली (मल्टि टाइर्ड सिस्टम्स अफ सपोर्ट-एम टि एस स) कोमा पठाउने।

# विशेष शिक्षा सेवाहरू (स्पेसल निड् सर्विसेस)

प्रारम्भिक बाल शिक्षा कार्यक्रम (अर्ली चाइल्ड्वुड एडुकेसन) ले विशेष आवश्यकता भएका बालबालिका र तिनीहरूका परिवारहरूकालागि धेरै सेवाहरू प्रदान गर्दछ। सन्दर्भ, मूल्याङ्कन र नियुक्ति प्रक्रियाको क्रममा अभिभावकहरूलाई दिइने यी सेवाहरूको विस्तृत विवरण "हुज आइडिया इज दिस-कसको आइडिया हो यो " नामक पर्चामा पाउन सकिन्छ। सो सेवाहरूको संक्षिप्त विवरण तल प्रदान गरिएको छ।

### मूल्याङ्कन:

विशेष आवश्यकता सेवाहरू (स्पेसल निड् सर्विसेस) कालागि पठाइएका बालबालिकाहरूले परिवारबाट कुनै शुल्क नलिई बहु-पक्षीय मूल्याङ्कन प्राप्त गर्न सक्छन्। यस मूल्याङ्कनमा विद्यालयका सामाजिक कार्यकर्ताहरू, शिक्षकहरू, विद्यालयका नर्सहरू, विद्यालयका मनोवैज्ञानिकहरू, बोलि र भाषा उपचार चिकित्सकहरू, पेशागत चिकित्सकहरू र/वा भौतिक चिकित्सकहरूद्वारा मूल्याङ्कनहरू समावेश हुन सक्छन्।यस मूल्याङ्कनले अन्तर्वार्ता, अवलोकन, मानकीकृत मूल्याङ्कन र मापदण्ड सन्दर्भित मूल्याङ्कनहरू समावेश गर्दछ। एक पटक मूल्याङ्कन पूरा भएपछि विशेष शिक्षा सेवाहरूकालागि बच्चाको योग्यता निर्धारण गर्न अभिभावकहरूलाई मूल्याङ्कन टोलीसँग भेट्न आमन्त्रित गरिन्छ।

### व्यक्तिगतकृत शैक्षिक योजना (आइ इ पि):

अपाङ्गता भएका पृ-स्कूलका बालबालिकाको शिक्षाकालागि ओहायोका नियमहरूका अनुसार बच्चा विशेष शिक्षा सेवाहरूकालागि योग्य हुन पर्ने निश्चितछ भने अभिभावकहरूलाई व्यक्तिगतकृत शिक्षा कार्यक्रम (आइ इ पि) लेख्नकालागि सम्मेलनमा भाग लिन आमन्त्रित गरिनेछ। यो कार्यक्रम अभिभावक, शिक्षक र सम्बन्धित सेवा कर्मीहरूद्वारा संयुक्त रूपमा विकास गरिनेछ। आइ इ पिले विद्यालय वर्षको दौडानमा बच्चााई सम्बोधन गरिने लक्ष्य र उद्देश्यहरू समावेश गर्नेछ र ती सेवाहरू उत्कृष्ट रूपमा प्रदान गर्न सकिने स्थानको दस्तावेज हुनुपर्छ। सेवा प्रदान सुरु हुनु अघि आइ इ पि लेखिनुपर्छ, विद्यालय वर्षमा कम्तिमा चार पटक समीक्षा गरिनुपर्छ र वर्षमा कम्तीमा एक पटक परिमार्जन गरिनुपर्छ। अभिभावकहरूले कुनै पनि समयमा आइ इ पि समीक्षाकालागि अनुरोध गर्न सक्छन्।

### सम्बन्धित सेवाहरू:

मूल्याङ्कनका साथसाथै (व्यक्तिगतकृत शैक्षिक योजना (IEP) टोलीले यो बच्चा सम्बन्धित सेवाहरूकालागि योग्य छ कि छैन भनेर पनि निर्धारण गर्न सक्छ। यी सेवाहरूमा पेशागत (अक्युपेसनल) थेरापी, भौतिक चिकित्सा (फिजिकल थेरापी), बोलि र भाषा उपचार (स्पिच एण्ड ल्यांग्वेज थेरापी , विद्यालय मनोवैज्ञानिक सेवाहरू (स्कूल साइकोलोजिकल सर्विसेस), स्कूल नर्स सेवाहरू, अभिमुखीकरण र गतिशीलता (ओरियन्टेसन एण्ड मोबिलिटी) र/वा यातायात समावेश हुन सक्छ। प्रत्येक सेवाको दस्तुर रकम व्यक्तिगतकृत शैक्षिक योजना (आइ इ पि) मा दस्तावेज गरिएको हुनुपर्छ। आइ इ पि (IEP) को समीक्षा गर्दा यी सेवाहरूको समीक्षा गरिनेछ।

### स्कूले-उमेर प्रोग्रामिङकालागि पुन: मूल्याङ्कनको बयान (IEP)

(व्यक्तिगतकृत शैक्षिक योजनाहरु (IEPs) भएका विद्यार्थीहरूकालागि

तपाँईको बच्चा स्कूले-उमेर प्रोग्रामिङकालागि तयार भएपछि तपाँईलाई सूचित गरिनेछ। यो पुन: मूल्याङ्कन प्रक्रिया सामान्यतया परिवर्तनका रूपमा उल्लेख गरिएको छ। यो प्रक्रिया पूरा गर्नकालागि तपाँईको अनुमति आवश्यक हुनाले तपाँईलाई सम्पर्क गरिनेछ। यदि तपाँईको बच्चा हाल कलम्बस सिटी स्कूल्समा भर्ना भएको छ भने उसको मूल्याङ्कन त्यही स्कूलमा हुनेछ।

पुन: मूल्याङ्कन गर्ने टोलीमा अभिभावक, विशेष शिक्षा संयोजक (स्पेसल एडुकेसन कोअर्डिनेटर), विद्यालय मनोवैज्ञानिक (स्कूल साइकोलोजिस्ट), विशेष आवश्यकता पृ-स्कूल शिक्षक (स्पेसल निड्स पृ-स्कूल टिचर), सामान्य शिक्षा शिक्षक (जेनरल एडुकेसन टिचर), व्यवसायिक चिकित्सक (अक्युपेसनल थेरापिस्ट), शारीरिक चिकित्सक (फिजिकल थेरापिस्ट) र बोली र भाषा रोग विशेषज्ञ (स्पीच एण्ड ल्यांग्वेज प्याथोलोजिस्ट) हरू समावेश हुन सक्छन्। टोलीले अर्को विद्यालय वर्षकालागि तपाँईको बच्चाका आवश्यकताहरू निर्धारण गर्नलाई परीक्षण र अवलोकनहरूको श्रृंखला सञ्चालन गर्नेछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाँईको बच्चा विद्यालय-उमेर सापेक्ष दिशानिर्देशहरू अन्तर्गत विशेष शिक्षा सेवाहरूकालागि योग्य हुनेछ कि भनेर निर्धारण गर्नेछ। एक पटक योग्यता निर्धारण भएपछि नियुक्तिका विकल्पहरू बारे तपाँईसँग छलफल गरिनेछ।

प्रारम्भिक बाल शिक्षा (Early Childhood Education) को कक्षाकोठामा तपाँईका बच्चाको नियुक्तिले विद्यालय उमेरका सेवाहरूकालागि त्यो भवनमा तपाँईका बच्चाको स्वीकृति स्वचालित रूपमा ग्यारेन्टी गर्दैन। यदि तपाँई किन्डरगार्टेनकालागि तपाँईको गृह विद्यालय बाहेक अन्य विद्यालयमा रुचि राख्नुहुन्छ भने तपाँईले विद्यालय लट्री/विद्यालय छनौट फारम भर्नु पर्छ।

### यातायात

**व्यक्तिगतकृत शैक्षिक योजना (Individualized Education Plan-IEP) भएका विद्यार्थीहरूकालागि**

व्यक्तिगतकृत शैक्षिक योजना (Individualized Education Plan-IEP) भएका पृ-स्कूलका विद्यार्थीहरूलाई घरबाट विद्यालय र फेरि विद्यालयबाट घर ढुवानी गरिन्छ। जिल्लाले विद्यार्थी बेबी-सिटरको घर वा अन्य वैकल्पिक स्थानहरूबाट वा स्थानहरूमा ढुवानी गर्न आवश्यक छैन। यदि स्कूल बसलाई प्रवेश गर्न र घुम्न गाह्रो हुने क्षेत्रमा तपाँई बस्नुहुन्छ भने तपाँईले आफ्नो बच्चालाई बस जाने नजिकको कुनासम्म लैजानुपर्ने हुन सक्छ।

बस नआउञ्जेल बच्चासंग तपाँई एक जना वयस्क ब्याक्ति बस्ने र बच्चालाई बसमा चढाउन सहयोग गर्ने अपेक्षा गरिन्छ। तपाँईका बच्चाको स्कूल लाग्ने दिनको अन्त्यमा एक जना वयस्कले पनि बसलाई भेट्ने अपेक्षा गरिन्छ। यदि बच्चा बसमा घर फर्किने क्रममा तपाँईको बच्चालाई लिन कोहि वयस्क आएको छैन भने, यस बच्चालाई 535 E. Mound St. Columbus, मा स्थित फ्रयाङ्कलिन काउन्टी बाल सेवा (फ्रयाङ्कलिन काउन्टी चिल्ड्रेन्स सर्विसेस) मा लगिनेछ। यस कार्यलयको फोन नः 614-229-7000 हो।

यदि तपाँईको बच्चालाई बसमा सिट पेटी (सिट बेल्ट) को रूपमा काम गर्ने साज (हार्नेस) प्रदान गरिएको छ भने उसले विद्यालय जानकालागि वा विद्यालयबाट घर फर्किनलाई बसमा चढ्दा यो साज (हार्नेस) लगाउनु आवश्यक छ। जिपर पछाडि भागमा जानु पर्छ। यदि तपाँईको बच्चाले कार सिट प्रयोग गरे यो साज (हार्नेस) बसमै रहनेछ।

आफ्नो बच्चा अनुपस्थित हुने अवस्था हुँदा अभिभावकहरूले यातायात कार्यालय र विद्यालयमा फोन गर्ने अपेक्षा गरिन्छ। यातायातको नम्बर 614-365-5074 हो। शुरूमा यातायात व्यवस्था र परिवर्तनहरू स्पेशल निड्स पृ-स्कूलको कार्यालय मार्फत गरिन्छ। यी व्यवस्थाहरूका बारेमा प्रश्नहरू भए 614-365-5205 मा कल गर्न सकिन्छ।

साथै, यदि तपाँई आफ्नो बच्चालाई स्कूलबाट आफै टिप्ने वा उठाउने योजना गर्दै हुनुहुन्छ भने, कृपया विद्यालयमा कल गर्नुहोस् र शिक्षकलाई सूचित गर्नुहोस्। यदि तपाँई स्कूलबाट बसहरू छुट्ने समयमा विद्यालयमा हुनुहुन्न वा पुग्न भएन भने, तपाँईको बच्चालाई घरमा पुर्याउनकालागि बसमा राखिनेछ। त्यहाँ विद्यालयमा स्कूल लाग्नु अघि वा स्कूल समय पछि बाल हेरचाह प्रदान गरिएको छैन।

**अभिभावक मेन्टर (सल्लाहकार) कार्यक्रम** (आई ई पी भएका विद्यार्थीहरूकालागि)

विशेष आवश्यकता सेवाहरूकालागि तोकिइएका विद्यार्थीहरुका परिवारकालागि, अर्ली चाइल्ड्हुड एडुकेसन (ECE) (प्रारम्भिक बाल्यकाल शिक्षा) कार्यक्रममा विशेष आवश्यकता भएका बालबालिकाका अभिभावकहरूलाई प्रश्नहरूको जवाफ दिन कर्मचारीहरू स्वरुप यदि तपाँई अभिभावकलाई सल्लाह दिने सल्लाहकारसँग कुरा गर्न चाहनुहुन्छ भने वहाँहरूलाई 614-365-5211 मा सम्पर्क गर्न सकिन्छ।

# पारिवारिक संलग्नता र साझेदारी

अभिभावक र परिवारका सदस्यहरू प्रारम्भिक बाल शिक्षा (अर्ली चाइल्डहूड एड्युकेसन) अनुभवको अभिन्न अंग हुन् र हाम्रो कार्यक्रमका सबै पक्षहरूमा संलग्न छन्। बच्चाको पहिलो शिक्षकको रूपमा, अभिभावकहरूलाई शैक्षिक प्रक्रियामा साझेदारको रूपमा हेरिन्छ। प्रारम्भिक बाल शिक्षा कार्यक्रमले परिवारहरूलाई आफ्नो बच्चाको सिकाइमा संलग्न हुन धेरै विकल्पहरू प्रदान गर्दछ:

- आफ्नो बच्चाको शिक्षकलाई चिन्नुहोस् र उहाँसँग कुराकानी गर्ने उत्तम तरिका (फोन, इमेल, टेक्स्ट म्यासेज, पुस्तक बोक्ने  झोलामा दैनिक नोटहरू लेखेर पठाउने, आदि) निर्धारण गर्नुहोस्। आफ्नो बच्चाकासंग आफ्नो आकांक्षा भन्ने गर्नुहोस्।
- तपाँईको बच्चाले हाल स्कूलमा के सिकिरहेको छ भनि पत्ता लगाउन आफ्नो बच्चाको पुस्तक बोक्ने झोला दैनिक जाँच गरेर एक सूचित अभिभावक बन्नुहोस्। तपाँईलाई कुनै विषयका बारेमा थप जान्न आवश्यक महसुस हुँदा प्रश्नहरू सोध्नुहोस्।
- कक्षाकोठामा स्वयंसेव गर्नुहोस।
- पारिवारिक रात कार्यक्रमहरू र ओपन हाउसमा उपस्थित हुनुहोस र यसको योजना बनाउन मद्दत गर्नुहोस्।
- क्षेत्र यात्रा (फिल्ड ट्रिप) हरूमा उपस्थित हुनुहोस् र यसको योजना बनाउन मद्दत गर्नुहोस्।
- अभिभावक/शिक्षक सम्मेलन र कार्यशालाहरूमा भाग लिनुहोस्।
- कक्षा कोठा भित्रकाागि आमा/बुवा बन्न स्वयंसेवा गर्नुहोस।
- एक परिवारले अर्को परिवारलाई आपसमा सल्लाह दिने सल्लाहकार बन्ने अवसरहरूमा भाग लिनुहोस्।
- पारिवारिक समाचार पत्र लेख्न मद्दत गर्नुहोस्।
- पेशागत (करियर) दिनको योजना बनाउनुहोस् र कक्षामा आफ्नो प्रतिभा साझा गर्नुहोस्।

परिवारहरूले निम्न सुझावहरू र विचारहरू प्रयोग गरेर घरमा आफ्ना बच्चाहरूलाई मद्दत गर्न सक्छन्:

- आफ्नो बच्चालाई हरेक दिन सिक्नकालागि तयार हुन मद्दत गर्न उसले राम्रो रातको निद्रा पाएको, स्वस्थ नाश्ता खाएको र समयमै विद्यालय पुग्नेमा सुनिश्चित गर्नुहोस्।
- आफ्नो बच्चाकालागि दिनै पिछे वा प्रत्येक बेलुका पढ्दिनुहोस् र तपाँईको बच्चालाई नमुना स्वरुप पढ्दिनुहोस्।

- एक शब्द भन्दा अलिक लामो उत्तर आउने प्रश्नहरू सोध्न समय निकल्ने, बच्चाले भनेको सुन्नुहोस् र तँपाईको बच्चाले स्कूलमा सिकेका कुराहरू बारे कुरा गर्न दैनिक समय निकाल्नुहोस्।
- आफ्नो बच्चालाई पुस्तकालय कार्डकालागि साइन अप गर्नुहोस् र प्राय: पुस्तकालयमा जानुहोस्।
- तपाँई र तपाँईको बच्चाले सँगै पढ्न वा सिकाइ गतिविधिहरू गर्न शान्त, विशेष ठाउँ प्रदान गर्नुहोस्।
- सिक्ने क्षणहरू सिर्जना गर्नुहोस्। दैनिक कृयाकलापहरू सिक्ने अवसर हुन सक्छ। उदाहरणकालागि: तालिका सेटिङले गणित सीपहरू र निम्न निर्देशनहरू सिकाउन सक्छ, किनमेल यात्राको क्रममा तपाँईले देख्नुहुने विभिन्न रङ, आकार, अक्षर, संख्या र शब्दहरूको बारेमा कुरा गर्नुहोस्।
- घरमै सिकाइलाई बढावा दिन सामग्रीहरू सङ्कलन गर्नुहोस्: किताबहरू, बोर्ड गेमहरू, पजलहरू र कला आपूर्तिहरू। ती गतिविधिहरूले आलोचनात्मक सोच कौशलको विकासलाई प्रोत्साहित गर्न सक्छ।
- हरेक दिन आफ्नो बच्चालाई उसले विद्यालयमा सिकेको कुरा तपाँई सिकाउन भन्नुहोस्।
- तपाँईका बच्चाको सफलताकालागि उपयुक्त अपेक्षाहरू सेट गरेर विद्यालयको महत्त्वलाई सञ्चार गर्न जारी राख्नुहोस्।

<u>अर्ली चाइल्डहूड एड्युकेसन पारिवारिक सम्झौता फारम</u>

मैले कलम्बस सिटि स्कूल्स अर्ली चाइल्ड्हुड् एड्युकेसन फ्यामिलि ह्यान्डबुकको एउटा प्रति समीक्षा गरेको छु जसमा स्वास्थ्य परिक्षण (हेल्तचेक) कार्यक्रम बारे जानकारी छ।

____________________________________________________________

अभिभावक/संरक्षकको हस्ताक्षर मिति

म बुझ्छु कि मेरो बच्चालाई प्रारम्भिक बाल शिक्षा कक्षाकोठामा राखिन्छ भनेर, ओहायोको पृ-स्कूल इजाजतपत्र नियमहरूको पालना सुनिश्चित गर्न ओहायो डिपार्टमेन्ट अफ एजुकेशनका प्रतिनिधि वार्षिक रूपमा कक्षाकोठामा जानेछन्। म मेरो बच्चाको शिक्षकलाई सम्पर्क गरेर अनुपालन रिपोर्टको प्रतिलिपि प्राप्त गर्न सक्छु। पृ-स्कूल इजाजतपत्र नियमहरूको उल्लङ्घनको सम्बन्धमा उजुरी दर्ता गर्न, मैले प्रारम्भिक बाल शिक्षाको कार्यालयलाई 614-466-0224 मा वा विभागको ओम्बड्सम्यानलाई 614-466-4839 मा सम्पर्क गर्न सक्छु।

____________________________________________________________

____________________________________________________________

अभिभावक/संरक्षकको हस्ताक्षर मिति

मैले कलम्बस सिटी स्कूल्सको विद्यार्थीको सफलताकालागि मार्गदर्शन (गाइड टु स्टुडेन्ट सक्सेस) प्रारम्भिक बाल शिक्षा अनुशासन नीति को एक प्रति समीक्षा गरेको छु। मैले जिल्लाले मेरो बच्चाको फोटो, अडियो, भिडियो वा इलेक्ट्रोनिक चित्रहरू कसरी प्रयोग गर्न सक्छ वा गर्न सक्तैन भनेर वर्णन गर्ने यस कागजातको पछाडि रहेको जानकारी बयानको फुकुवाकालागि सहमतिमा जनाएर हस्ताक्षर गरेको छु ।

____________________________________________________________

अभिभावक/संरक्षकको हस्ताक्षर मिति

म बुझ्छु कि मेरो बच्चालाई प्रारम्भिक बाल शिक्षा (अर्ली चाइल्ड्हुड् एड्युकेसन) कक्षाकोठामा राखिएको छ, मसँग मेरो बच्चाको नाम र जन्म मिति, मेरो नाम र सम्पर्क जानकारी समावेश गर्ने कक्षाकोठाको अभिभावक/बाल रोस्टरमा समावेश गर्ने विकल्प छ। यो जानकारी कक्षाकोठामा रहेका बालबालिकाका अन्य अभिभावकहरूसँग साझा गर्न सकिन्छ।

_________माथिको जानकारी कक्षाकोठाको रोस्टरमा समावेश गर्नकालागि म सहमति **दिन्छु**।

_________माथिको जानकारी रोस्टरमा समावेश गर्नकालागि म सहमति **दिन्न**।

____________________________________________________________

अभिभावक/संरक्षकको हस्ताक्षर मिति

म प्रारम्भिक बाल शिक्षा अभिभावक समूह (अर्ली चाइल्डहूड एड्युकेसन प्रोग्राम प्यारेन्ट ग्रुप) को प्रतिनिधि बन्न इच्छुक छु।
________ छु ________ छैन

डिपार्टमेन्ट अफ स्पेसल एड्युकेसन एण्ड स्टुडेन्ट सपोर्ट सर्विसेस
डिविजन अफ अर्ली चाइल्ड्हूड् एड्युकेसन (विशेष शिक्षा विभाग र विद्यार्थी सहायता सेवा विभाग)

# उपस्थिति नीति

तपाँईको बच्चाले हरेक दिन विद्यालयमा उपस्थित हुनु महत्त्वपूर्ण छ। तपाँईको विद्यार्थीले विद्यालया उसको ठूलो समय छुटाएको छ र अनुपस्थितिलाई माफी दिइएको भए पनि बच्चाले महत्त्वपूर्ण निर्देशनको समय र सिक्ने अवसरहरू गुमाउँछ। यदि कुनै विद्यार्थीले विद्यालयको ३० समय-घण्टा वा सोभन्दा बढी माफ नगरिइएको समय-घण्टा वा एक महिनामा लगातार ४२ समय-घण्टा वा सोभन्दा बढी घन्टा विद्यालयमा अनुपस्थित गरेमा प्रारम्भिक बाल शिक्षा कार्यक्रम (अर्ली चाइल्ड्हुड् एड्युकेसन प्रोग्राम) बाट निष्कासन गर्न सकिन्छ। यदि कुनै विद्यार्थी लगातार दश दिन (६५ घण्टा) अनुपस्थित भएमा परिवारलाई पत्र पठाइनेछ र विद्यार्थीलाई विद्यालयबाट अनुपस्थित भएको १५ औं दिनमा निषकासन गरिनेछ।

यदि तपाँईको विद्यार्थी अनुपस्थित वा ढिलो हुने भयो भने यो तपाँईको जिम्मेवारी हो कि विद्यालयलाई सूचित गर्नु र अनुपस्थित हुने पर्ने अवस्थामा अनुपस्थितिको माफीकालागि एउटा नोट (चिठ्ठी) पठाउनु पर्ने हुन्छ।

अनुपस्थितिहरु निम्न कारणहरूमा माफ गर्न सकिन्छ:

- व्यक्तिगत बिराम (अभिभावक/कानूनी संरक्षकको फोन कल, लिखित माफिपत्र वा डाक्टरको नोटद्वारा माफ गर्न सकिन्छ)
- नजिकको घरपरिवारमा बिरामी वा मृत्यु (अभिभावक/डाक्टरको नोट पेस गरिएको भए)
- मेडिकल वा डेन्टलको एप्पोइन्टमेन्टहरू, एप्पोइन्टमेन्टको लिखित प्रमाणीकरण आवश्यक हुन सक्छ
- धार्मिक बिदा
- धार्मिक बिदा

मैले माथिका कुरा पढेको र बुझेको छु।

________________________________ ____________
हस्ताक्षर मिति